**बौधीमाई नगरपालिका**

# स्थानीय राजपत्र

# बौधीमाई नगरपालिकाद्वारा प्रकाशित

**खण्ड-१ संख्या-३ नगरसभाबाट पारित मितिः २०७९/१०/२७ प्रमाणिकरण मिति-२०७९।१२।०५**

**भाग-१**

# "बौधीमाई नगरपालिका शिक्षा ऐन, २०७९"

**प्रस्तावनाः**

नेपालको संविधान एवं स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरि संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस बौधीमाई नगरपालिका क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भई संचालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको ब्यबस्थापनमा सुधार गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम बौधीमाई नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद- एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "बौधीमाई नगरपालिका शिक्षा ऐन, २०७९" रहेको छ।

(२) यो ऐन बौधीमाई नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

बौधीमाई नगरपालिका

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले बौधीमाई नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "शिक्षा समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ग) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्दछ ।

(ग१) "प्रदेश शिक्षा ऐन" भन्नाले प्रदेश संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्दछ ।

(घ) "कोष" भन्नाले दफा ४६ वमोजिम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको बौधीमाई नगरपालिकालाई सम्झनुपर्छ ।

(च) "नगर कार्यपालिका" भन्नाले बौधीमाई नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(छ) "नगर सभा" भन्नाले बौधीमाई नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "बाल शिक्षा केन्द्र/प्रारम्भिक वाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाहरुका लागि शिक्षा दिन खोलिएको बाल शिक्षा केन्द्र/प्रारम्भिक बाल शिक्षा केन्द्र लाई सम्झनु पर्दछ । सो शब्दले नर्सरी, केजी, मन्टेश्वरी शिक्षालाई समेत सम्झनु पर्छ ।

(ञ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ञ१) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ२) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ञ३) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ञ४) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरि समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ५) "संस्थागत विद्यालय" भन्नाले सरकार वा नगरपालिका बाट अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ६) "आवासिय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनु पर्छ ।

(ञ७) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनु पर्छ ।

(ट) "व्यवस्थापन समिति" भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ठ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ड) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(ढ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ण) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(थ) "प्रदेश मन्त्रालय" भन्नाले मधेश प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(द) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, बढुवा आदि सिफारिस गर्ने आयोग सम्झनु पर्छ ।

(ध) "पाठ्यक्रम विकास केन्द" भन्नाले संघीय शिक्षा ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागी जिम्मेवार निकायलाई सम्झनु पर्छ ।

(न) "शिक्षक कितावखाना" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ

(प) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समुहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्छ ।

(फ) "निरीक्षक" भन्नाले विद्यालयको निरीक्षण गर्न तोकिएको अधिकृत वा शिक्षा शाखामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ब) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(भ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(म) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जानिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागी विद्यार्थीको बावु वा आमा वा बावु तर्फको बाजे वा बज्यैलाई जनाउँछ ।

(य) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्छ ।

(र) "माध्यमिक शिक्षा उत्तीर्ण परिक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(र१) "आधारभुत शिक्षा उत्तीर्ण परिक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ल) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(व) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(श) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन/अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(ष) "परीक्षा समिति" भन्नाले आधारभुत शिक्षा उत्तिर्ण परीक्षा समितिलाई सम्झनु पर्छ ।

(क्ष) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(त्र) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज्ञ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ ।

१) दृष्टिविहिन, न्युन दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारिरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा,

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिईने शिक्षा

## परिच्छेद- दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृति, समायोजन तथा नियमन

**३. शिक्षाको प्रकार:** विद्यालयको शिक्षा २ प्रकारका हुनेछन् :

(१) आधारभूत शिक्षा : कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन अध्यापन र बाल विकास केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु यसमा रहनेछन् ।

(२) माध्यमिक शिक्षा : कक्षा ९ देखि कक्षा १२ सम्म अध्यापन हुने

माध्यमिक शिक्षाको प्रकार देहाय वमोजिम हुनेछ:

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

**४. शिक्षाको माध्यम:**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तहको प्रारम्भिक वाल शिक्षा देखि कक्षा ५ सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरि कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगर शिक्षा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरि सो विद्यालयलाई त्यस्तो शिक्षा संचालन गर्न तोकिए वमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) दुर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी संचालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष शिक्षा तर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सहजीकरण प्रक्रिया र मुल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(५) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. विद्यालयको वर्गीकरणः** विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ

(१) सामुदायिक विद्यालय

(२) संस्थागत विद्यालय

(३) गुठी विद्यालय

**७. विद्यालय संचालन तथा कक्षा थप/घट गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी वा संस्थागत विद्यालय वा आवासिय विद्यालय खोल्न, कक्षा थप गर्न वा तह थप गर्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा समितिको सिफारिस सहित नगरपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा अधिकृतले आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न, कक्षा थप गर्न वा तह थप गर्न अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको सिफरिसमा तोकिएको सर्त बन्देज पालना गर्ने गरि नगरपालिका प्रमुखले अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पुरा गरेमा नगर कार्यपालिकाको कार्यालयले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा अधिकृतले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरि नगर शिक्षा समितिमा राय सहित आवेदन पेश गर्ने छ र माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाा प्रमुखले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद द्धारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायीक माध्यमिक शिक्षा (टि-एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य नगर शिक्षा समितिले गर्नुपर्ने छ ।

(७) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरि अनुमति वा स्वीकृति दिइने छैनः

(क) सरकारी वा सार्वजनिक जग्गा तथा भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरि मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगरपालिका प्रमुख समक्ष आवेदन दिनु पर्ने छ । नगर कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(११) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरि कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(१२) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था : माथि जुनसुकै कुरा उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

## ८. धरौटी राख्नु पर्ने :

(१) निजी शैक्षिक गुठी मार्फत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ

(२) सार्वजनिक शैक्षक गुठी मार्फत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि एक लाख रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि पचास हजार रूपैयाँ

तर, बिशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

**९. धरौटी रकम जम्मा गरिने :** निजी शैशिक गुठी तथा सार्वजनिक शैशिक गुठी विद्यालयले दफा ८ बमोजिमको धरौटी बापत बुझाएको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

**१०.** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेण्डर यसै ऐन वमोजिम पालना गर्नु पर्नेछ ।

**११**. नगरपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना गर्न, सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

**१२. वाल गृहको संचालनः** नगरपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ । वाल गृह संचालनको लागि आवश्यक प्रकृया नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**१३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न एउटा वडामा एक भन्दा नबढ्ने गरि सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

## १४. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न, कक्षा वा तह थप्न तथा घटाउन र बन्द गर्न सक्ने :

(१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, समायोजन गर्न, कक्षा वा तह थप गर्न/घटाउन तथा विद्यालय बन्द

गर्न सक्नेछ । प्राथमिक तहको विद्यालयमा कुल ३० जना भन्दा कम विद्यार्थी भएमा नगर शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु वन्द गर्न सक्ने छ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा नगरपालिकामा स्वीकृतिका लागि निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन तर माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।- (पचास लाख रुपैया) वा सो वरावरको सम्पत्ति, आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००।- (तिस लाख रुपैया) वा सो वरावरको सम्पत्ति प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

**१५. अनुगमन तथा सुपरिवेक्षणः**

नगरपालिकाको शिक्षा शाखाबाट त्रैमासिक रुपमा नगरपालिका क्षेत्रभित्रका शैक्षिक संस्थाहरुको अनुगमन, सुपरिवेक्षण गरि नगर शिक्षा समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद : ३
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१६. नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) नगर प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य - अध्यक्ष

(ख) नगर कार्यपालिकाका सदस्यहरु मध्ये बाट ( १ जना महिला सहित) नगर प्रमुखले तोकेको दुई जना - सदस्य

(ग) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट नगर प्रमुखले मनोनित गरेको एक जना - सदस्य

(घ) संस्थागत/गुठी विद्यालयहरुको प्रतिनिधीमुलक संस्था मध्येवाट नगर प्रमुखले मनोनित गरेको एक जना - सदस्य

(ङ) स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशिल विज्ञ वा शिक्षापेमीहरु मध्येबाट नगर प्रमुख मनोनित गरेको कम्तिमा एकजना महिला सहित ३ जना - सदस्य

(च) शिक्षा शाखा प्रमुख सदस्य - सचिव

(२) शिक्षकको पेशागत संघ/संगठनहरुका प्रमुखहरु, विषय विशेषज्ञ, शिक्षक महासंघ प्रतिनिधि तथा कर्मचारीलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ । उपदफा (१) अनुसार नियूक्त सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु वा वर्खास्त गर्नु अघि निजलाई मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(४) समितिको बैठक संचालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा नगर कार्यपालिका बाट तोकिए बमोजिम हुनेछ ।

(५) **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने, गाभ्ने सम्बन्धी नीति तर्जुमा गरि नगरपालिकामा आवश्यक राय सहित पेश गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) नगरपालिका क्षेत्र भित्र स्थापना भएका निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृतका लागि सिफारिस गर्ने ।
(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।
(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने
(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,
(ञ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, सजाय गर्ने ।
(ट) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।
(ठ) निजी तथा सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालन हुने विद्यालयहरुको संचालन मापदण्ड, अनुमति, स्वीकृति, अनुगमन, मुल्याङ्कन र व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरि लागु गर्ने ।
(ड) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग, समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरि सम्बन्धित निकायमा सुझाब पठाउने ।
(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।
(ण) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने
(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरि सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।
(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरि शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।
(द) शिक्षक तालिम नीति तर्जुमा गरि लागु गर्ने ।
(ध) नगर कार्यपालिकालाई शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।
(न) शैक्षिक सूचना प्रणाली स्थापना गरि सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।
(प) शिक्षामा सवै वालवालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।
(फ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागीता गराउन आवश्यक व्यवस्था मिलाउने ।
(ब) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागी विद्यालयको सुपरिवेक्षण र अनुगमन गरि प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाब र सहयोग गर्ने ।
(भ) नगरपालिका क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने र त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई अध्यापन गर्न प्रोत्साहित गर्ने ।
(म) आफ्नो क्षेत्र भित्रका विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकुल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धि योजना तर्जुमा गर्ने,
(य) विद्यायलयले सदियौ देखि भोगचलन गर्दै आएको जग्गा विद्यालयको स्वामित्वमा ल्याउन पहल गर्न सक्नेछ ।
(र) नगरपालिका भित्रका कुनै पनि विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरु नगर शिक्षा समितिलाई उपयुक्त नलागेमा सो निर्णय खारेज गरि नगर शिक्षा समितिबाट अर्को निर्णय गर्न सक्नेछ ।
(ल) आफ्नो सेवा क्षेत्र भित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने,
(व) विद्यालय जाने उमेर समुहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरि लागु गर्ने दायित्व नगर शिक्षा समितिको हुनेछ ।
(श) विधालय व्यवस्थापन समितिबाट कार्वाहीका लागि सफिारिस भई आएका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुलाई प्रचलित कानुन बमोजिम कार्वाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउने ।
(ष) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**१७. नगरपालिकाअन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख रहने छन् । निजको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :**

(१) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरि नगर शिक्षा समितिमा पेश गर्ने,
(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,
(३) विद्यालय तथा शैर्क्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने,
(४) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,
(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने,
(६) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,
(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १८. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष -अध्यक्ष
(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले मनोनित गरेको एक जना -सदस्य
(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले मनोनित गरेको एक जना -सदस्य
(घ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले मनोनित गरेको एक जना -सदस्य
(ङ) सम्बन्धित वडाका वडा सचिव -सदस्य सचिव

(२) **वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।
(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।
(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।
(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।
(ङ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।
(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।
(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने ।
(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवस्यक कार्यहरु गर्ने ।
(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।
(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन अनुमतिका लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्ने ।
(ट) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

## १९. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तिमा दुईजना महिला सहित चारजना -सदस्य
(ख) विद्यालय रहेको सम्बन्धित वडाका अध्यक्ष वा सो वडासमितिले मनोनयन गरेको वडा समितिको सदस्य एकजना -सदस्य
(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाताहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य
(घ) विद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छानि पठाएको एक जना - सदस्य
(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।
**पुनश्चः** वालक्लवहरुको तर्फबाट १ जना वालक वा वालिकालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई

जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) उपदाफा (३) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि वा विद्यालय व्यव्स्थापन समिति गठन नभएसम्म वा दुई पटक सम्म अभिभावक भेला बोलाउदा पनि विद्यालय व्यवस्थापन समिति गठन हुन नसेक्मा विद्यालय व्यवस्थापन समितिको काम काज गर्न उपदफा ५ बमोजिम विद्यालय व्यव्स्थापन गर्न सकिनेछ ।

(५) विद्यालय व्यव्सथापन समिति गठन सम्बन्धी बिशोष व्यवस्था यस ऐनको दफा (१९) को उपदफा (१) को खण्ड (क) बमोजिमको अभिभावक छनौट गर्दा देहायको आधार अपनाउनु पर्नेछ ।

(क)<u>कक्षा १ देखि १२ सम्मको विद्यालयको हकमा</u>

(क१) कक्षा नौ मा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दशमा अध्ययनरत विद्यार्थीको अभिभावक , एक जना (पुरुष) -सदस्य

(क२) कक्षा सातमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा आठमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(क३) कक्षा चारमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(क४) कक्षा दुईमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा तीनमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(क५) माथिका खण्ड (क१) , (क२), (क३), र (क४) मा तोकिएका अभिभावक इच्छुक नभएमा वा प्रचलित ऐन कानून बमोजिम अयोग्य भएमा सोही कक्षाहरुको दोस्रो वा तेस्रो स्थान प्राप्त गरेको विद्यार्थीको अभिभावकहरु मध्येबाट ती सदस्यहरुको छनौट गरिनेछ ।

(ख)<u>कक्षा १ देखि कक्षा १० सम्मको विद्यालयको हकमा</u>

(ख१) कक्षा सातमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा आठमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(ख२) कक्षा पाँचमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा छ मा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(ख३) कक्षा तीनमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा चारमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(ख४) कक्षा एकमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(ख५) माथिका खण्ड (ख१) , (ख२), (ख३), (ख४) मा तोकिएका अभिभावक ईच्छुक नभएमा वा प्रचलित कानून बमोजिम अयोग्य देखिएको खण्डमा क्रमशः सोही कक्षाका दोस्रो वा तेस्रो स्थानको अंक प्राप्त गरेका विद्यार्थीको अभिभावकलाई प्राथमिकता दिइनेछ ।

(ग) <u>कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालित विद्यालयको हकमा</u>

(ग१) कक्षा पाँचमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा छ मा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(ग२) कक्षा चारमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा पाँचमा अध्ययनरत अभिभावक एक जना (महिला) -सदस्य

(ग३) कक्षा तीनमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा चारमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(ग४) कक्षा एकमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(ग५) माथिका खण्ड (ग१) , (ग२), (ग३), (ग४) मा तोकिएका अभिभावक ईच्छुक नभएमा वा प्रचलित कानून बमोजिम अयोग्य देखिएको खण्डमा क्रमशः सोही कक्षाका दोस्रो वा तेस्रो स्थानको अंक प्राप्त गरेका

विद्यार्थीको अभिभावकलाई प्राथमिकता दिइनेछ ।

(घ) कक्षा १ देखि कक्षा ५ सम्मको हकमा

(घ१) कक्षा दुईमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा तीनमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(घ२) कक्षा दुईमा दोस्रो सबभन्दा बढी अंक प्राप्त गरी तीनमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(घ३) कक्षा एकमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(घ४) कक्षा एकमा दोस्रो स्थान प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(घ५) माथिका खण्ड (घ१), (घ२), (घ३), (घ४) मा तोकिएका अभिभावक ईच्छुक नभएमा वा प्रचलित कानून बमोजिम अयोग्य देखिएको खण्डमा क्रमशः सोही कक्षाका तेस्रो वा चौथो स्थानको अंक प्राप्त गरेका विद्यार्थीको अभिभावकलाई प्राथमिकता दिइनेछ ।

(ङ) कक्षा १ देखि कक्षा ४ सम्म विद्यालयको हकमा

(ङ१) कक्षा तीनमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा चार मा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(ङ२) कक्षा दुईमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा तीनमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(ङ३) कक्षा एकमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) –सदस्य

(ङ४) कक्षा एकको दोस्रो बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) – सदस्य

(ङ५) माथिका खण्ड (ङ१) , (ङ२), (ङ३), (ङ४) मा तोकिएका अभिभावक ईच्छुक नभएमा वा प्रचलित कानून बमोजिम अयोग्य देखिएको खण्डमा क्रमशः सोही कक्षाका दोस्रो वा तेस्रो स्थानको अंक प्राप्त गरेका विद्यार्थीको अभिभावकलाई प्राथमिकता दिइनेछ ।

(च) कक्षा १ देखि कक्षा ३ सम्म विद्यालयको हकमा

(च१) कक्षा दुईमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा तीनमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) - सदस्य

(च२) कक्षा दुईको दोस्रो स्थान प्राप्त गरी कक्षा तीनमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) - सदस्य

(च३) कक्षा एकमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) - सदस्य

(च४) कक्षा एकको दोस्रो सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (महिला) - सदस्य

(च५) माथिका खण्ड (च१) , )(च२), (च३), (च४) मा तोकिएका अभिभावक ईच्छुक नभएमा वा प्रचलित कानून बमोजिम अयोग्य देखिएको खण्डमा क्रमशः सोही कक्षाका तेस्रो वा चौथो स्थानको अंक प्राप्त गरेका विद्यार्थीको अभिभावकलाई प्राथमिकता दिइनेछ ।

(छ) कक्षा १ देखि कक्षा २ सम्म सञ्चालित विद्यालयको हकमा

(छ१) कक्षा एकमा सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(छ२) कक्षा एकमा दोस्रो सबभन्दा बढी अंक प्राप्त गरी कक्षा दुईमा अध्ययनरत विद्यार्थीको अभिभावक एक

जना (महिला) -सदस्य

(छ३) कक्षा एकमा भर्ना भएको पहिलो विद्यार्थीको अभिभावक एक जना (पुरुष) -सदस्य

(छ४) कक्षा एकमा भर्ना भएको दोस्रो विद्यार्थीको अभिभावक एक जना (महिला) -सदस्य

(छ५) माथिका खण्ड (छ१) , (छ२) , (छ३), (छ४) मा तोकिएका अभिभावक ईच्छुक नभएमा वा प्रचलित कानून बमोजिम अयोग्य देखिएको खण्डमा क्रमशः सोही कक्षाका तेस्रो वा चौथो स्थानको विद्यार्थीको अभिभावकलाई प्राथमिकता दिइनेछ ।

(२) यस ऐनको दफा १४ को उपदफा (१) को खण्ड (क) बाहेकका अन्य व्यवस्पथा दफा १४ बमोजिम नै कायम हुनेछ ।

(६) **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको प्रमुख दायित्व रहनेछ ।

(ख) विद्यालय सञ्चालनको लागि प्राप्त साधन स्रोतको परिचालन गर्ने, विद्यालय निरिक्षण र ब्यबस्थापन गर्ने ।

(ग) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने, आवश्यक आर्थिक स्रोत जुटाउन पहल गर्ने ।

(घ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(ङ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वियन गर्ने ।

(छ) कार्यरत शिक्षकहरुलाई कार्यविवरण दिई काममा लगाउने तथा नगरपालिकावाट स्वीकृत दरबन्दीमा शिक्षक तथा कर्मचारीको पद पूर्तिका लागि पहल गर्ने ।

(झ) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ।

(ठ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरि नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(ड) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ढ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाही, दण्ड, सजायका लागि यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाहि गर्न पाउने बिषयमा विभागीय कारवाहि गरि त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने तथा आफुलाई कारबाहि गर्ने अधिकार नभएको बिषयमा कारवाहिको लागि सिफारीस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिबेदन स्थानीय तहमा पठाउने ।

(ण) विद्यालयको शैक्षिक स्तर बृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

(त) प्रत्येक बर्ष विद्यालयका चन्दा दाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।

(थ) विद्यार्थी, शिक्षक, कर्मचारीतथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने ।

(द) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रबृत्ति रकम प्रदान गर्ने

(ध) विद्यालयको बिपद् जोखिम अवस्था लेखाजोखा गरि प्रभाव न्युनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(न) आफ्नै स्रोतबाट नियुक्ति हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाही लाई व्यवस्थित गर्न कार्यविधि बनाई स्थानीय शिक्षा शाखा प्रमुख मार्फत नगरपालिकाबाट स्वीकृत गराई लागु गर्ने ।

(प) हाजिर जाँच तथा पृष्ठपोषण दिने ।

(फ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(७) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

(८) नगर शिक्षा समितिले आवश्यक देखेमा नगर पालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरि व्यवस्थापन गर्न सक्ने छ ।

(९) शिक्षक अविभावक संघः सबै विद्यालयमा शिक्षक र अभिभावकहरु रहेका एक शिक्षक अभिभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि नगर शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

## २०. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :

(१) देहायको अवस्थमा तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) संघयि, प्रदेश वा स्थानीय सरकारको निती विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

(च) तोकिएको काम, कर्तब्य र अधिकार अनुसारको कार्य नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनु पर्नेछ ।

(२) उपदाफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढिमा ६ महिनाको हुनेछ ।

# परिच्छेद ४

# विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

## २१. नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः

१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण नगरपालिकाले गर्नेछ ।

(२) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरि नगरपालिकाले राख्नु पर्नेछ ।

## २२. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता

शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

## २३. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समिति वा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरि आएको कुरा प्रमाणित भएमा

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा, राजनैतिक आग्रह पूर्वाग्रह राखी शैक्षिक वाताबरण खल्बलिने कुनै काम गरेमा, आफ्नो जिम्मेवारी वहन गरेको नपाईएमा, विद्यालयको निर्दिष्ट पठन पाठनमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पुऱ्याएमा

(छ) निजले अध्यापन गरेको विषयमा तीन बर्षको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा

(ज) विद्यालय वा ब्यवस्थापन समितिले दिएको निर्देशन जिम्मेवारी पूर्वक पालना नगरेमा

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन वा प्रचलित कानुन बमोजिम कार्वाही प्रकृया अगाडी बढाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

## परिच्छेद ५
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

### २४. रिक्त दरवन्दीमा शिक्षक/कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दीमा करारमा शिक्षक/कर्मचारी नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धीत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक
(ख) नगर शिक्षा समितिको अध्यक्षले तोकेको विषय विज्ञ दुई जना – सदस्य
(ग) नगरपालिकाको शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख – सदस्य
(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सचिव

(२) शिक्षक/कर्मचारी पदपूर्तिको प्रक्रिया अगाडी बढाउनका लागि नगर शिक्षा समितिको सहमति अनिवार्य लिनु पर्ने छ ।

(३) करारमा शिक्षक/कर्मचारी नियुक्ति गर्दा स्थानीय शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरि मात्र करारमा शिक्षक/कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

(४) राहत/अनुदान कोटामा करार शिक्षक छनौट सम्बन्धि व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) छनौट समितिको कार्यविधि नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

### २५. विद्यार्थी शिक्षक अनुपातमा न्युन दरवन्दी भएका विद्यालयहरुमा सेवा करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था

(१) न्युन स्वीकृत दरवन्दी भएका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा आवश्यक शिक्षकहरुको ब्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) नगर शिक्षा समितिले विद्यालयगत शिक्षक विद्यार्थी संख्याको अनुपातमा आवश्यक शिक्षक संख्या निर्धारण गरि नगरपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(ख) नगरपालिकाले उपदफा (क) बमोजिम निर्धारण गरेको संख्या अनुसारको शिक्षक करारमा नियुक्ति गर्न नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) नगर कार्यपालिकाले सेवा करारमा नियुक्त हुने शिक्षकहरुको संख्या, सेवा सुविधा, योग्यता, बजेटको सुनिश्चितता समेतको निर्णय गर्नु पर्नेछ ।

(घ) उपदफा (ग) को निर्णयको आधारमा सेवा करारमा शिक्षकहरुको नियुक्ति गरि विद्यालयहरुमा खटाउने छ ।

(२) उपदफा १ बमोजिम सेवा करारमा शिक्षक नियुक्ति गर्दा नगर शिक्षा समितिले नै शिक्षक छनौट समितिको कार्य गर्नु पर्नेछ ।

(३) छनौट समितिको कार्यविधि नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

### २६. शिक्षकको सरुवाः

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयहरुमा नगर शिक्षा समितिको सिफारिसमा शिक्षकहरको सरुवा गर्न सक्नेछ ।

(२) स्थायि नियुक्ती लिएको एक बर्ष नपुगेका शिक्षक र अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम समय बाँकी रहेको शिक्षकको सरुवा गरिने छैन ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(४) न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा नगर शिक्षा समितिमा सरुवाका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ । यसरी प्राप्त

निवेदनका आधारमा नगर शिक्षा समितिको सिफारिसमा आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(५) नगरपालिका भित्रका राहत, करार, अस्थायी शिक्षक तथा वाल शिक्षिकाहरुलाई आवश्यकता अनुसार नगरपालिका भित्रका जुनसुकै विद्यालयमा नगर शिक्षा समितिको सिफारिसमा काज तथा सरुवा गर्न सक्नेछ ।

(६) नगरपालिकाा क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा सरुवा भई आउन वा अन्यत्र सरुवा भई जान सहमति लिन चाहेमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

## २७. दरवन्दी मिलानः

(१) नगर शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, पिछडिएको र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

## २८. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः

स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय तथा प्रादेशिक कानुन बमोजिम हुनेछ । सेवा करारमा कार्यरत शिक्षकहरुको बढुवा हुने छैन ।

## २९. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः

(१) प्रत्येक सामुदायिक विधालयमा विधालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा  नबढ्ने गरि एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तिमा शिक्षा शास्त्र संकायमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको विद्यालय भए कम्तिमा शिक्षा शास्त्र संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तिमा शिक्षा शास्त्र संकायमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तिमा चार वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन, नियमावली तथा सो ऐन अन्तर्गत बनेको कार्यविधी बमोजिम शिक्षक बन्ने योग्यता भएको ब्यक्तिलाई विद्यालय व्यवस्थापन समिति वा नगर शिक्षा समितिको सिफरिसमा नगर कार्यपालिकाको निर्णय वमोजिम पाँच वर्षको लागि नगरपालिकाले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(ख) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सूधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

(ग) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा नगर शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

(घ) प्रधानाध्यापकको अवधी ५ बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरि विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) प्रधानाध्यापकको अन्य योग्यता तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ :

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन, नियमावली तथा यस कार्यविधी विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल अचल सम्पत्ति हिना मिना गरेमा,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

बौधिमाई नगरपालिका

(च) प्रधानाध्यापक कुनै राजनीतिक दलको सदस्य रहेको पाइएमा, राजनैतिक आग्रह पूर्वाग्रह राखी शैक्षिक वाताबरण खल्बलिने कुनै काम गरेमा, आफ्नो जिम्मेवारी वहन गरेको नपाईएमा, विद्यालयको निर्दिष्ट पठन पाठनमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पुऱ्याएमा

(४) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (३) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरि/गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन गाँउ शिक्षा समिति समक्ष राय सहित पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(६) बहालबाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा (३) को खण्ड (क) वा (ख) वा (ङ) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन, नियमावली तथा यस कार्यविधी बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

(७) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछ :

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

(घ) (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड(क) को सिफारिसको योग्यताक्रमको आधारमा,

तर खुला, कार्यक्षमता मूल्याँकन, आन्तरिक वढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

(८) **प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरि शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरि विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरि असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शिक्षा अधिकृत  तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्थानीय शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा स्थानीय शिक्षा शाखामा सिफारिस गर्ने,

(ण) नगर कार्यपालिकाबाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तिमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरि त्यसको अभिलेख राख्ने,

(थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरि शिक्षकको पद कायम गरि सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस कार्यविधीमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरि करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी संचालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरि कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई स्थानीय शिक्षा शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र निरीक्षकद्वारा प्रमाणित गराई स्थानीय शिक्षा शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरि नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरि शिक्षा शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने ।

(त्र) प्रधानाध्यापक स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ . यसका लागि :

१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिती र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा ग'णस्तरीय शिक्षाका लागि नगरकार्यपालिका, शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ,

४. विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई कार्यपालिका मार्फत छात्रबृत्ति वा विशेष व्यवस्था गरि वा निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थिलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरि सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ ,

५. विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवर्द्धनात्मक कार्य गर्ने ।

**३०. शिक्षकलाई अन्य काममा लगाउन नहुने**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरि राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृत वा शिक्षा शाखा प्रमुखसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरि कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य नगर शिक्षा समितिले तयार पारी नगर कार्य पालिकामा पेश गर्नु पर्नेछ ।

**३२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका प्र.अ., शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरि कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गरिने छ ।

(२) कार्यसम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सृजनशिलता, परिवर्तनशीलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

**३३. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठन पाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

## ३४. विद्यालयको सम्पत्तिः

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरि प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) निजि शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप नगरपालिकाको स्वीकृति विना परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ । उक्त सम्पत्ति नगरपालिकाको सहमतिमा वेचविखन गर्न सकिने छ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

## ३५. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहने छ ।

## ३६. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरि अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरि पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ केडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्य पुस्तक विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले निर्णय गरि लागु गर्न सक्नेछ ।

५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

## ३७. अतिरिक्त शैक्षिक कृयाकलापको सञ्चालन :

विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलापहरु बालक्लव तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामुखी कृयाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

# परिच्छेदः ७

# संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन सम्बन्धी व्यवस्था

**३८. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।**

**३९. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरि विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा सदस्य एक जना - सदस्य

(ङ) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख - सदस्य

(च) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना -सदस्य;

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

**४०. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने

(घ) नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने

(ङ) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने

(च) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने

(छ) पदीय आचरणको पालना नगर्ने तथा अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने

(ज) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने

(झ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न शैक्षिक कार्यक्रमहरुमा विद्यार्थी सरिक गराउने ।

(ञ) प्रत्येक बर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी बर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।

(ट) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने र सो कोषमा जम्मा भएको रकम सोही प्रयोजनमा मात्र खर्च गर्ने ।

**४१. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरि तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, जेहन्दार, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्ने छ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४२. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने:**

नगर शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**४३. अनुगमन तथा मूल्याङ्कनः**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वियन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**४४. अनुमति वा स्वीकृति रद्द गर्नेः**

कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति/स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेदः ८
## परीक्षा सञ्चालन तथा ब्यवस्थापन

**४५. परीक्षा सञ्चालन तथा ब्यवस्थापन**

(१) नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा ब्यवस्थापनको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क) शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) सामुदायिक विद्यालयका प्र.अ. हरु मध्येबाट नगर शिक्षा समितिको अध्यक्षले तोकेको दुई जना - सदस्य

(घ) संस्थागत विद्यालयका प्र.अ. हरु मध्येबाट नगर शिक्षा समितिको अध्यक्षले तोकेको एक जना - सदस्य

(ङ) स्थानीय प्रहरी कार्यालय प्रमुख - सदस्य

(च) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

(२) परीक्षा संचालन तथा ब्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरुबाट परिक्षामा लाग्ने खर्च प्राप्त गर्न परिक्षा शुल्क लिन सक्ने छ ।

(५) उपदफा ३ र ४ वाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ ।

## परिच्छेदः ९
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**४६. विद्यालय कोष**

प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(१) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान

(२) शुल्क तथा सहयोगबाट प्राप्त रकम

(३) चन्दा वा दान दातव्यबाट प्राप्त रकम

(४) अन्य स्रोतबाट प्राप्त रकम

**४७. अनुदानको व्यवस्था**

(१) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

(३) उपदफा १ र २ बमोजिमका कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

गौशाला नगरपालिका

## ४८. बजेट तयार गर्ने :

प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्त भित्र आगामी वर्षको बजेट तयार गरि व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति नगरपालिकाको शिक्षा शाखामा अनिवार्य पठाउनु पर्नेछ ।

## ४९. लेखा व्यवस्थापन

(१) विद्यालयहरुले प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने वा राख्न लगाउने, लेखा परीक्षण गराउने, बेरुजु फछर्यौट गर्ने समेतको लेखा सम्बन्धी सम्पुर्ण उत्तरदायित्व प्रधानाध्यापकको हुनेछ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै व्यवस्था गरि कुनै कर्मचारी वा शिक्षकलाई प्रधानाध्यापकले जिम्मेवारी दिन सक्नेछ ।

## ५०. सामुदायिक विद्यालयको खाता संचालन

(१) विद्यालयले आर्थिक कारोबार गर्दा “क” वर्गको बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी/शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

(३) विशेष परिस्थितिमा नगर कार्यपालिकाको निर्णयानुसार नगरपालिकाका अन्य कर्मचारी र प्र.अ. समेतको संयुक्त दस्तखतबाट खाता संचालन गरिने छ ।

## ५१. लेखा परीक्षण तथा सामाजिक परीक्षण

(१) विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्रार्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरि विद्यालयको आय-व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरि पृष्ठ पोषण लिनु पर्नेछ ।

## ५२. छात्रवृतिको व्यवस्था गर्न सक्ने:

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

## ५३. शुल्क सम्बन्धी व्यवस्था

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन नगरपालिकाको सहमति अनिवार्य रुपमा लिनु पर्नेछ ।

(४) सबै बालबालिकालाई आधाभुत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागी आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(५) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपि तथा बहिरा स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(८) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(९) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पचास हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

## ५४. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा कुनै शुल्क लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नगरपालिकाले तोकिएको आधारमा शुल्क छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

# परिच्छेदः १०
# विविध

**५५.** नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

## ५६. नगरपालिकाले निर्देशन दिन सक्ने

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

## ५७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

## ५८. प्रगति विवरण बुझाउनु पर्ने

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

## ५९. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने

विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन गर्न पाउने छैन ।

## ६०. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :

नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउनेछैन र त्यस्तो अबधि निजको सेवामा गणना हुने छैन ।

## ६१. स्थायी आवासीय अनुमति लिन नहुने

(१) सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक वा कर्मचारीले स्थायी आवासिय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन पाईने छैन ।

(२) यदि स्थायी आवासिय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएमा भविष्यमा निजले काम गरेको सेवाको लागी अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त गरिनेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीले स्थायी आवासिय अनुमति त्याग गर्नु पर्नेछ ।

## ६२. स्थानीय शिक्षा विकास कोष

१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

(४) कोषको खाता संचालन तोकिए बमोजिम हुनेछ ।

**६३. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरि विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछ :-
(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,
(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,
(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति विना प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,
(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,
(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,
(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,
(छ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागे सम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई प्रचलित कानुन बमोजिम सजाय गरिनेछ ।

**६४. साक्षेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :**

(१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत संचालित विद्यालयहरुविच साक्षेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन काम कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६५. बालबालिकालाई निष्काशन गर्न, शारिरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनैपनि वालवालिकाहरुलाई जाति, धर्म, वर्ण, लिङ्ग, उत्पति, शारिरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक अवस्था वा यस्तै कुनै आधारमा भेदभाव गरि शिक्षाबाट वञ्चित गराउन पाईने छैन ।

(२) सवै वालवालिकालाई समान शिक्षा प्रदान गर्नूपर्नेछ ।

(३) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन ।

(४) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरिक वा मानसिक यातना दिन वा दृर्व्यवहार गर्न पाईने छैन ।

**६६. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा कायम गर्नुपर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजिकरण गर्ने बातावरण सृजना गर्न तथा विधालयभित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरि विद्यालयलाई शान्ति क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई शान्तिक्षेत्र कायम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६७. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**६८. नियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही नगर कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

**६९. संक्रमणकालीन व्यवस्था :**

यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगर कार्यपालिकाले संक्रमणकालीन ब्वस्थाका लागि अन्तरिम कानुन निर्माण गर्न सक्नेछ ।

**७०. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**७१. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

आज्ञाले
कमल बहादुर कार्की
प्रमुख प्रशासकिय अधिकृत
मिति-२०७९।१२।१८

बौधीमाई नगरपालिका